# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चालिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।२५

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा बस्यो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरूको लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय श्री भागवत प्रकाश मल्ल, स्याङ्जा ।

**माननीय भागवत प्रकाश मल्ल**

माननीय सभामुख महोदय, स्याङ्जा जिल्ला गल्याङ नगरपालिका ९ साङ्ग्या निवासी वर्ष ४९ को यामबहादुर वि.क अविरल वर्षाका कारण असार १३ गते राति १ बजे पहिरोले घरमा सुतिरहेको अवस्थामा पुरिएर मृत्यु भएको छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र निजको श्रीमती फूलमाया वि.क घाइते भई मिसन अस्पताल पाल्पामा उपचारपछि घर फर्किएको अवस्था छ त्यसैले पीडितलाई क्षतीपूर्ति र औषधि उपचारको

तत्काल व्यवस्था गरी घरसमेत पूर्ण क्षती भएकाले पीडित परिवारलाई सुरक्षित ठाउँमा बासको व्यवस्था गरियोस् । धन्यवाद जय नेपाल !

**माननीय सभामुख**

माननीय मेखलाल श्रेष्ठ, स्याङ्जा ।

**माननीय मेखलाल श्रेष्ठ**

सभामुख महोदय, सरकारले स्वामित्व लिने भनेको कुराहरू धेरै चोटी यही रोष्टमबाट सुनियो । तर स्याङ्जा जिल्ला भीरकोट नगरपालिकाबाट वयरघारी हुँदै ठूलीभञ्ज्याङ-पर्वत जोड्ने हातेमालो चोकको बाटो पिच गर्नका लागि ठिक्क भएको थियो तर त्यो ठेकदारले काम गर्न नसकेर अहिले अलपत्र अवस्थामा प्रदेश सरकारले लिएको छैन। त्यस्तै वयरघारी बानेथोक बिरुवा सडक पनि त्यस्तै नै अलपत्र अवस्थामा छ । त्यसलाई के गर्न खोजिएको हो यसको म सम्बन्धित मन्त्रालयबाट उत्तर चाहन्छु । र कालिका सामुदायिक हस्पिटलमा यही २१ गते आइसोलेसनमा बसेको बिरामीहरूको स्वाब लिएर गइसकेको छ अहिलेसम्म त्यसको कुनै पनि रिजल्ट गएको छैन । तर क्षेत्रीय डाइरेक्टर बिनोदबिन्दु शर्माज्यूको इन्टरभ्यू हेर्न पाएँ मैले । उहाँले दिनहुँ दिन हामीले जम्मा १०० वटा मात्रै आएको छ हामीले १०० वटैको रिपोर्ट पठाएको छ भनेको छ तर अहिलेसम्म आइसोलेसनमा बसेको बिरामीहरूको असारको २१ गते आएको स्वाबको अहिलेसम्म पनि रिजल्ट नआएकोले उहाँहरू आत्तिनु परेको छ त्यसको अवस्था के छ मन्त्रीज्यूबाट तत्काल यसको शीघ्रातिशीघ्र कार्यान्वयन होस् भन्ने माग गर्दछु धन्यवाद । जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्यहरू शून्य समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब विशेष समय प्रारम्भ हुन्छ ! निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु।
सर्वप्रथम माननीय सदस्य श्री मिना गुरुङ, समय ७ मिनेट ।

**माननीय मिना गुरुङ**

माननीय सभामुख महोदय, कोरोना भाइरस कोभिड-१९ का कारणले विश्वव्यापी महामारीको संक्रमणको नियन्त्रण गर्नका लागि नेपाल सरकारले चैत्र ११ गतेदेखि गरेको लकडाउन घोषणाले र दिनप्रतिदिन बढ्दै गएको संक्रमण नियन्त्रणका निम्ति थप बन्दाबन्दीबाट नेपालको सार्वजनिक यातायात व्यवसाय र यसमा काम गर्ने श्रमिकहरूको जीवनयापनमा अत्यन्तै कठिन परिस्थिति सिर्जना भएको छ ।

यो समस्या सरकारलाई पनि अवगत भएको विषय हो । यसका बाबजुद अब नेपाल सरकारबाट यात्रुवाहक सवारी साधन सञ्चालनको तयारी भइरहेको अवस्थामा यात्रुवाहक सार्वजनिक सवारी साधनमा काम गर्ने यातायात श्रमिकहरूलाई केही जरुरी मापदण्ड पूरा गरेर मात्र रोजगारी सुचारु गर्नुपर्ने विषयमा सरकारको ध्यान म केन्द्रित गर्न चाहन्छु । विशेष गरेर विश्वस्वास्थ्य संगठनले निर्देशन गरेका स्वास्थ्य सामग्री उपलब्ध गराउनुपर्ने कुरामा म जोड दिन चाहन्छु । यसैगरी सबै यातायात श्रमिकहरूको कोरोना बिमा अनिवार्य गराउनुपर्ने कुरामा पनि म यतिबेला सभामुख, माननीय सभामुखमार्फत् सरकारलाई ध्यान केन्द्रित गराउन चाहन्छु ।

यसैगरी नीजि विद्यालय लगायत, कम्पनी लगायत, उद्योगको क्षेत्रमा कार्यरत यातायात श्रमिकले लकडाउन अवधिभर नपाएको यातायात पारिश्रमिक छिटो भन्दा छिटो श्रमिकलाई उपलब्ध गर्ने गराउनु पर्नेमा जोड दिन चाहन्छु । किनकि यतिबेला यातायात श्रमिकहरूको जीवनयापन आफ्नो पारिश्रमिक नपाउनाको कारणले ज्यादै नै कष्टकर भइरहेको छ । दिनप्रतिदिन जीवनको गति असाध्यै निरुत्साहित अवस्थामा पुगिरहेको पनि म जानकारी गराउन चाहन्छु ।

लकडाउन अवधिभरको घरको भाडा मिनाहा गर्ने भन्ने कुरा सरकारले ल्याएको भए तापनि स्पष्ट नीति नआएको हुँदा यतातिर आज म फेरि जोडदार माग गर्न चाहन्छु । स्वरोजगार यातायात श्रमिकहरूको हकमा बैंकबाट कर्जा लिई कारोवार गर्दै आउनु भएकाहरूलाई लकडाउन अवधिभरको किस्तामा म्याद थप्नुपर्ने कुरामा सबैको हाम्रो एउटा जोडदार माग छ । त्यसमा म पनि आज यो विशेष गरिमामय सभामा सरकारलाई अनुरोध गर्न चाहन्छु ।

लकडाउनको कारणले कामबाट बञ्चित भएकालाई हामीले एकपटक मात्र राहत उपलब्ध गरायौं र कुनै कुनै ठाउँमा दोस्रो तेस्रो भन्ने सुनियो तर पनि राहत आजसम्म पनि आवश्यकता परिरहेको कुरा म विशेष जोड दिन चाहन्छु । यी सबै विषयसँगै सम्पूर्ण कोरोना प्रभावित नागरिकको पीडालाई व्यवस्थापन गर्न स्पष्ट नीति हामीले तर्जुमा गर्यौं, गर्छौं भनिरहेको अवस्थामा यसलाई कार्यान्वयनको पाटोमा कसरी गइरहेको छ भन्ने चासो छ र आर्थिक अभावका कारण आफ्ना बालबालिकाको शैक्षिक शुल्क तिर्न असमर्थ भएका छन् हाम्रा मजदुर । राहतको अभावमा घर गाउँ फर्केर मात्र समस्याको पूर्ण समाधान हुने भएन । त्यहाँ पनि जाने साथ पसेर खाने व्यवस्था नहुँदा दयनीय र ज्यादै नै कारुणिक स्थिति सिर्जना भएको छ ।

माननीय सभामुख महोदय, आज वर्ग श्रमिकहरूको व्यथाप्रति सरकारले कोरोनासँग बचाउँदै कसरी आफ्नो सीप र जनतालाई व्यवस्थित गर्ने भन्ने कुरा ठूलो महत्वको विषय पनि भएको छ । यतातिर म विशेष प्रदेश सरकारको, स्थानीय सरकारको, केन्द्रीय सरकारको ध्यान केन्द्रित होस् भनेर आज यो गरिमामय सभामा अनुरोध गर्न चाहन्छु । कोरोनाको संक्रमणबाट बचाउन थपिएका बन्दाबन्दीसँगै व्यवस्थापनको वैकल्पिक नीति आउन् सभामुख महोदय ।

त्यो आएको छैन, एक पटकको राहतले हामीले के गर्यौं भन्दा हात्तीको मुखमा जिरा जस्तो भयो माननीय सभामुख महोदय, त्यसैले गर्दा हाम्रो सरकारले दुरदर्शी हिसाबले योजना बनाउन अल्लि नसकेको हो कि भन्ने मलाई अनुभूति पनि भएको छ । विकासको सबै पक्षमा मानवीय श्रमको अहम् भूमिका भएकोमा यही नै हामी कतै अलि कमजोर भएको हो कि ?
सरकारले कति गर्न सक्छ होइन, कसरी गर्न सक्छ भन्ने विषयमा हामी बुद्धिजीवि सरोकारवालाहरूसँग पूर्व सल्लाह नभएर पनि यसमा केही समस्या आएको हो कि भन्ने पनि म आज विशेष रूपमा भन्न चाहन्छु । यसले विशेष गरेर कोरोनाले प्रभाव पारेका मानव जातिलाई हामीले विशेष गरेर कुन कुन क्षेत्रमा प्रभाव पारेको छ भन्ने विषयमा भौतिक दुरी कायम गरेर काम गर्ने पेशा, व्यवसाय गर्नेहरूको वर्गीकरण गर्दै अब त्यस्ता पेशा, व्यवसायलाई कसरी बिस्तारै बिस्तारै हामीले शून्यबाट उहाँहरूलाई माथि उठाउन सक्छौं ? सबै जना अहिले शून्यतामा विलिन हुने मानसिकता भइरहेको छ ।

तसर्थ सरकारले यतिबेला छिटो भन्दा छिटो यस्ता किसिमका पेशा, व्यवसायहरूलाई दिनुपर्ने आर्थिक, नैतिक, भौतिक किसिमको सपोर्ट, सहयोग र योजना व्यवस्थापनमा अब यस्ता प्राथमिकता पहिल्याउनुपर्छ भन्ने मेरो जोडदार माग रहेको छ । र यातायात क्षेत्रमा काम गर्ने श्रमिकदेखि लिएर पर्यटन क्षेत्रमा काम गर्ने मजदुरहरूदेखि लिएर यति वेला

विशेष गरेर भौतिक दुरी कायम गर्न नसक्ने त्यस्ता किसिमका पेशा व्यवसायहरू कपाल काट्ने ब्यूटिसियनहरू, त्यसैगरी होटलमा काम गर्ने हाम्रा सम्पूर्ण व्यवसाय मजदुरहरूको बारेमा सरकारले खाली हामी यहाँनेर माननीय सभामुखमार्फत् सरकारलाई सुनाउने मात्र होइन, तुरुन्त यसका अब समाधानका हाम्रा पाटोहरू पनि खोजिनुपर्छ भन्ने कुरा म विशेष अनुरोध गर्न चाहन्छु र यातायात श्रमिक मजदुरहरूलाई अलिकति राहतको फेरि पनि आवश्यकता भएको कुरामा जोडदार माग गर्दछु ।

राहतको जुन किसिमको अनुरोध मैले गरिरहेको छु यो यदि सरकारलाई विश्वास लाग्दैन, होइन भने जस्तो लाग्छ भने यसलाई यहाँहरूले ठाउँमा सम्बन्धित सरोकारवालासँग भेटेर, सरसल्लाह, सुझाव र त्यसको मूल्यांकन वा त्यसको जाँचबुझ गर्नका लागि पनि म विशेष अनुरोध गर्दै आजको यो गरिमामय सभाबाट म हाम्रो माननीय सभामुखमार्फत् सम्पूर्ण श्रमिकहरूलाई यो बेला हाम्रो सरकार छ र हाम्रो सरकारले हामीलाई यतिसम्म सहयोग गर्यो र यो कोरोनाको प्रभावबाट अब हामी माथि उठेर सरकारलाई पनि सहयोग गर्नुपर्छ भन्ने किसिमको सकारात्मक किसिमको भावनाको विकास गराउनका लागि त्यस्तो किसिमको एउटा सत्कर्म, सत्विचार ल्याउनका लागि सरकार उन्मुख हुनुपर्छ भन्दै बिदा हुने अनुमति चाहन्छु हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनिभद्र शर्मा, समय १२ मिनेट ।

**माननीय मनिभद्र शर्मा**

माननीय सभामुख महोदय, राष्ट्रका सामु धेरै जल्दाबल्दा समस्याहरू छलफलका क्रममा रहेका र ती समस्याहरू सदनमा छलफल गरेर सार्वभौम जनताका प्रतिनिधिमार्फत् जनतालाई सुसूचित गर्ने मौकाबाट बञ्चित गराई प्रतिनिधि सभा र राष्ट्रिय सभाका प्रमुखहरूलाई पनि थाहै नदिइकन अधिवेशन अन्त्य गर्ने सरकारको कार्यक्रम अत्यन्त

भत्र्सना गर्न योग्य छ । नेपाली काँग्रेस यस्तो कार्यलाई भत्र्सना गर्दछ । यसै सन्दर्भमा सरकारका जिम्मेवार मन्त्रीले यो सदन रत्यौली खेल्ने ठाउँ हो, किन चाहियो भनेर अभिव्यक्ति दिइरहने र रत्यौलीको महत्व महिलाहरूले बुझेका हुन्छन् ।

मन्त्रीबाटै यस्तो अभिव्यक्ति आउनु र यसले यो संसदीय प्रणालीलाई यो संसदको गरिमालाई घटाउने गरी आएका अभिव्यक्तिहरू र घोर खेदजनक छन् । यस्तो कार्य सर्वथा निन्दनीय छ भन्ने म आम जनतालाई ध्यानाकर्षण गर्न चाहन्छु र अर्को कुरा अहिले जनतालाई मास्क नलगाइकन हिँड्यो भने एकदम सक्त कारवाही गर्ने उर्दि दारी भएको छ तर राणा कालमा राणाका मान्छेहरूलाई उनका राणाहरूलाई र राणाका आफ्ना मान्छेहरूलाई पञ्चखत माफी हुन्थ्यो ।

पहिलेको सरकार राणाहरूलाई श्री ३ भनिन्थ्यो अहिलेकालाई के भनौं के श्री कति थपौं ? अब उहाँहरूका मान्छेहरूलाई सडकमा ठुल्ठूला जुलुस निकाल्न पाउने । धेरै जमघट हुन पनि पाउने । फेरि मास्क लगाउन पनि नपर्ने त्यो उर्दि आदेश पनि लागू नहुने । यस्तो एकथरिलाई पञ्चखत माफी हुने शासन प्रणाली हामीले यो व्यहोरी रहनुपरेको छ । आम जनता यसतर्फ पनि सुसूचित होउन् भन्ने मैले जिज्ञासा राख्न चाहन्छु ।

साथै अहिले विदेशमा लिगल रूपमा काम गरिरहेका, कोरोनापूर्व नेपाल भित्रिएका मानिसहरू फर्किन चाहिरहेका छन् । आफ्नो काममा फर्किन चाहिरहेका छन् । हाल सालै गृह मन्त्रालय र श्रम मन्त्रालयले अन्यौलपूर्ण व्यवहार गरिरहेको छ । हाम्रो गण्डकी प्रदेशको पोखरामा भएको श्रम अनुमति दिने शाखाले धेरै मानिसहरूलाई अन्यौलपूर्ण व्यवहार गरेर फर्काउने काम गरिरहेको छ र मानिसहरू धेरै अन्यौलमा परिरहेका छन् । यो अन्यौलता अविलम्ब हटाई विदेश जान चाहनेहरूलाई सहज निकास उपलब्ध गराउन म माग गर्दछु । सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा, हाम्रो गण्डकी प्रदेशमा बहुवर्षिय भनी घोषणा नगरिएका धेरै योजनाहरू कार्यान्वयनका चरणमा थिए । एक थरीलाई असोज मसान्तसम्म सम्पन्न गर्ने, सम्पन्न गर्न अनुमति पाए र एक थरीले असार मसान्त भित्रै सम्पन्न गर्न पर्ने भन्ने बाध्यात्मक परिस्थिति रह्यो । यो कोरोनाले समस्या सबै योजनालाई पारेको हो । एक थरीलाई छुट अर्को थरीलाई छुट नदिने यो अलि विरोधाभाषपूर्ण भयो । एकरूपताको नीति पनि भएन र यो आम जनतालाई अलिकति अप्ठ्यारो पनि पारेको छ ।

योजनाहरू हतारहतारमा सम्पन्न गर्दा राम्रो पनि नहुने र कतिपयको बजेट फ्रिज हुने र दोहोरिएयर त्यहाँ बजेट नपर्ने समस्याप्रति सरकारको ध्यान आकर्षण गर्न म चाहन्छु। र साथसाथै अहिले राष्ट्रिय राजनीतिमा एउटा सत्ता सञ्चालन गरिरहेको पार्टी जसका नेताहरूले हाम्रा विदेशी आफ्ना पार्टीका विचार मिल्नेहरूबाट प्रशिक्षण लिने कार्यक्रमहरू पनि यहाँ भइरहेका छन् । यो अहिलेको अन्यौलमा पनि दुई थरी नभएर कोही इन्डियातिरका कोही चाइनातिरका नभएर एकै थरी भएर प्रशिक्षित भएर यो राष्ट्रमा अन्यौलता नबनाएर अल्ली जनताको सेवा गर्न लागून् खटुन भन्ने शुभकामनासहित आफ्ना भनाइहरू अन्त्य गर्दछु । धन्यवाद जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई समय ५ मिनेट ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, श्रेणीविहिन वन रक्षक कर्मचारी आज विभेदमा परेर राज्यको विभेदकारी निर्णयद्धारा त्यो निर्णय खप्न बाध्य छन् । विशेष गरी ७७ जिल्लामध्ये स्याङ्जा जिल्ला र कास्की जिल्लामा कार्यरत श्रेणीविहिन वन रक्षक कर्मचारीलाई सर्वोच्च अदातलले फैसला गरेर २०७६-०१-१५ गते सर्वोच्च अदालतले माननीय श्री न्यायाधिश ईश्वरप्रसाद खतिवडा र माननीय श्री कुमार रेग्मीको संयुक्त इजलासले फैसला आदेश

गरिसकेको छ । उहाँहरूलाई वन प्राविधिक मानेर त्यो अनुसारको वेड र त्यो सुविधा दिनु भनेर त्यो सर्वोच्चले फैसला गरिसकेको छ ।

७५ जिल्लामा त्यो उहाँहरूलाई दिएको छ तर यो दुई वटा जिल्लामा मात्रै नदिएको कुरा अहिले जानकारीमा आएको कारणले त्यो सम्बन्धित मन्त्रालयले के कारणले नदिएको हो ? मैले सुन्नमा पाएको छु कि सम्बन्धित जिल्लाका को.ले.नि.काले उहाँहरूलाई सम्बन्धित ठाउँमा तपाईंहरू आफ्नो ठाउँमा मुद्दा हाल्न जानुहोस् तर हामी दिन सक्दैनौं भन्ने अरू सबै ७५ जिल्लामा दिन सक्ने यो दुई वटा जिल्लामा दिन नसक्ने कानून कस्तो कानून बनेको छ ? मैले विशेष गरी सम्बन्धित मन्त्रालयलाई म ध्यानाकर्षण गर्न चाहन्छु र त्यहीनेर अरू सबै वन विभागले पनि निर्देशन गरिसकेको छ उहाँहरूलाई त्यो स्थानमा पदस्थापना गर्न भनेर निर्देशन गरिसकेको छ।

विशेष गरी वन विभागले ०६९-११-३० मा पद दर्ता गर्न भनेर निर्देशन गरिसकेको छ । पत्र लेखिसकेको छ । अर्थमन्त्रालयले २०७६-४-१९ मा नयाँ तलबमान तोकेर प्राविधिक उहाँहरूलाई वन प्राविधिक मानेर ऋण सुविधा दिनु भनेर भनिसकेको छ । त्यसमा विशेष गरी २०५७ साल श्रावण १ गते भन्दा अगाडिको जो वन रक्षक प्राविधिकहरू हुनुहुन्छ, उहाँहरूलाई विशेष गरी वन प्राविधिक मानेर त्यो ग्रेड दिने गरेर जुन निर्णय गरेको छ त्यो अहिलेसम्म स्याङ्जा र कास्की जिल्लामा त्यो किन लागू भएको छैन । के उहाँहरूलाई सर्वोच्च अदालतको फैसला अनुसारको विषयवस्तुलाई फेरि मानहानीको विषयवस्तुमा मुद्दा हाल्नलाई उहाँहरूलाई अग्रसर गराउनु पर्ने हो ? यदि होइन भने, राज्यले किन यो विभेदकारी कार्यान्वयन गरिराखेको छ ? म विशेष गरी ध्यानाकर्षण गर्दै आफ्ना भनाइ टुङ्ग्याउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब म मिति २०७७ साल असार १८ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७७ साल असार १९ गते बसेको सभसाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभासमक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री मोहनप्रसाद रेग्मीलाई समय दिन्छु ।

**माननीय मोहनप्रसाद रेग्मी**

माननीय सभामुखज्यू, मिति २०७७ साल असार १९ गते बसेको यस सभाको बैठको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न २०७७ साल आषाढ २२, २३ र २४ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका माननीय सभापति मोहनप्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो ।

बैठकमा समितिका माननीय सदस्यहरू आशा कोइराला, कृष्णचन्द्र नेपाली पोखरेल, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा के.सी. भण्डारी, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानसमेतको उपस्थिति रहेको थियो। समितिको बैठकमा गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि संशोधनको प्रस्ताव दर्ता गर्ने माननीय कुमार खड्का र समर्थक माननीय मेखलाल श्रेष्ठसमेतलाई आमन्त्रण गरी छलफल गरिएको थियो ।

यस ऐनमा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, स्थानीय तहको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा त्यस ऐनले व्यवस्था गरेको सुविधा बमोजिम एउटा मात्र सुविधा पाउनेछ भन्ने व्यवस्था थप गर्नुपर्ने भन्ने राय माननीय पियारी थापाले बैठकमा राखुभएको थियो ।

यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शलाई समेत समावेश गरी विधेयकको दफा ४.१, १२, १३, १८, अनुसूची क, ख, ग मा माननीय कुमार खड्का प्रस्तावक र माननीय मेखलाल श्रेष्ठ समर्थक भई मिति २०७७-०३-२२ गते दर्ता गर्नु भएको संशोधन प्रस्ताव विधायन समितिमा आवश्यक सम्बोधन गरी प्रस्तुत विधेयकका सम्बन्धमा प्रतिवेदनको बुँदा नं. ३ मा उल्लेखित व्यवस्था बाहेक विधेयकमा सर्वसम्मत निर्णय भए बमोजिम संलग्न संशोधनसहितको प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु ।

मोहनप्रसाद रेग्मी
सभापति
विधायन समिति,
धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असार २३ गते सभामा प्रस्तुत भएको प्रदेश विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार २३ गते प्रस्तुत भएको प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

छलफलमा भाग लिने माननीय सदस्यहरूको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री कृष्णबहादुर थापा**

माननीय सभामुख महोदय, आज म सर्वप्रथम यो सम्मानित सभामा विश्वमा महामारिको रूपमा फैलिएको नोबल कोरोना भाइरस कोभिड-१९ बाट आजसम्म नेपालमा ३५ जनाको मृत्यु भइसकेको छ र संक्रमितको संख्यालाई आजसम्म हामीले यहाँ डाटा हेर्दा १६ हजार चार सय २३ जना संक्रमित हुनुभएको छ । मृत्यु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सर्वप्रथम म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र मृतकका सम्पूर्ण परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छु । र संक्रमित सबै बिरामीहरूको छिटो भन्दा छिटो शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

सभामुख महोदय, आज यो सम्मानित सभामा हाम्रो प्रदेशका आदरणीय मन्त्री आन्तरिक मामिला तथा कानूनमन्त्रीज्यूले जुन यो प्रदेश विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यहाँ पेश गर्नुभएको छ र आज त्यसको बारेमा हामी सामान्य छलफलमा छौं र यो छलफलमा भाग लिइरहँदा मलाई यो समय उपलब्ध गराउनुहुने सभामुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यो महत्वपूर्ण विधेयक हाम्रो यो सम्मानित सभामा प्रस्तुत गर्नुहुने माननीय मन्त्रीज्यूलाई पनि म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, यो विधेयकको बारेमा हामीले यहाँ सरसर्ती हेर्दा यसका केही बुँदाहरू असाध्यै महत्वपूर्ण छन् र ती केही बुँदाहरूलाई म यहाँ आफ्नो तर्फबाट केही विचारहरू राख्न चाहन्छु । यसको प्रस्तावनामै सामाजिक न्यायसहितको दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न, प्रदेशका विकास योजना तथा भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्रको विकास कार्यलाई शीघ्र र व्यवस्थित रूपमा सञ्चालन गर्ने भनेर भनेको छ र यसले वास्तवमा हाम्रो प्रदेशको यो सम्बन्धित काममा असाध्यै महत्वपूर्ण भूमिका खेल्छ भन्ने मलाई लाग्छ ।

त्यस्तै गरेर तेस्रो नम्बर बुँदामा समितिको गठन गर्ने प्रदेश सरकारको अधिकार भन्नेमा प्रदेश सरकारको उचित तथा आवश्यक ठहर्याएका कुनै विकास योजना वा भाषा

संस्कृतिलगायतका सामाजिक क्षेत्रको विकास कार्यलाई शीघ्र र व्यवस्थित रूपमा सञ्चालन गर्न सूचित आदेश अनुसार समिति गठन गर्न सक्ने छ भनेको छ । स्वाभाविक यो विषयले हाम्रो सिँगो प्रदेशको, हामीले चाहेको सभ्य, सुसंस्कृत नागरिक र आर्थिक रूपमा सम्पन्न प्रदेश बनाउने र विशेषता मानव संशाधनको विकासको क्षेत्रमा यसले महत्वपूर्ण भूमिका खेल्छ भन्ने मलाई लाग्छ ।

त्यस्तै गरेर बुँदा नं. ४ मा संगठित संस्था हुने भन्ने विषयमा तेस्रो नम्बर बुँदामा यसले समितिले प्रचलित कानून बमोजिम व्यक्ति सरह चलअचल सम्पत्तिहरू प्राप्त गर्न उपयोग गर्ने र बेचबिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न यसले स्वभाविक रूपमा संस्थालाई एउटा स्वायत्त संस्थाका रूपमा विकसित गर्ने यसले लिएको लक्ष्यमा हासिल गर्नका लागि महत्वपूर्ण भूमिका खेल्छ भन्ने लाग्छ ।

त्यस्तै गरेर यो समितिको सम्पत्ति बेचबिखन र प्रदेश सरकारमार्फत् नेपाल सरकारको स्वीकृतिका विषयहरू प्नि यसले उठाएको छ । यसले गर्दा हाम्रो नेपालको संविधानको मूल मर्मलाई यसले आत्मसात गरेको पाइन्छ । त्यस्तै गरी बुँदा नं. ७ मा समितिका कर्मचारीको सम्बन्धमा पनि यसले केही विषयहरू महत्वका साथ उठाएको छ । समितिको काम, कारवाही सुचारु रूपले सञ्चालन गर्नको लागि समितिले आवश्यकता अनुसार कर्मचारीहरू नियुक्त गर्ने तर जुन व्यवस्था विशेष गरेर प्रदेश लोकसेवा आयोगको नीतिसँग नबाँझिने कुरा पनि यसले गरेको छ तसर्थ यसले यो संस्थालाई सुव्यवस्थित सञ्चालन गर्नका लागि यो महत्वपूर्ण हुन्छ भन्ने मलाई लाग्छ ।

त्यसको साथसाथै बुँदा नं. ८ मा समितिको विघटनको विषयमा यसले के विषय उठाएको छ भने प्रदेश सरकारले समितिलाई रहन आवश्यक नदेखिएका वा समितिका तोकिएका कामहरू पूरा भएमा प्रदेश सरकारले सूसुचित आदेशद्धारा नै समितिको विघटन गर्न सक्नेछ भन्ने विषय पनि मलाई यो एक खालको महत्वपूर्ण लाग्छ ।

यो आफैंमा त्यतिधेरै परिभाषित नगरेको, त्यति धेरै व्याख्या नगरेको, विधेयक भए तापनि हाम्रो प्रदेशको लागि यो साह्रै महत्वपूर्ण विधेयक हो भन्ने मलाई लाग्छ । तसर्थ यो विधेयक जुन हाम्रो यो सम्मानित सभामा बृहत् छलफलमा छौं यो प्रति म र मेरो पार्टीको तर्फबाट पूर्ण रूपमा समर्थन रहेको जानकारी गराउन चाहन्छु।

सभामुख महोदय, र यसको साथसाथै यो प्रदेश विकास समितिको सम्बन्धमा मेरा आफ्ना केही सुझावहरू पनि म यहाँ राख्न चाहन्छु त्यसका बारेमा । विशेष गरी यो योजनासँग पनि सम्बन्धित भएको र त्यसको साथसाथै अन्य विषयहरूसँग पनि सम्बन्धित भएको हुँदा यसले भविष्यमा यो कामहरू गर्दाखेरि कम्तिमा पनि ५ वटा पी का सिद्धान्तलाई यसले आत्मसात गर्यो भने राम्रो हुन्छ भन्ने मलाई लाग्छ ।

मैले भन्न खोजेको पाँच वटा पी के भनेको हो भने, विशेष गरेर पहिलो पी भनेको पिपुल्स निड्स जनताको आवश्यकता अनुसार नै हामीले यसका कामहरू गर्नुपर्ने हुन्छ र दोस्रो पी भनेको जनताको आवश्यकता अनुसार काम गर्न हामीले त्यसको योजनाबद्ध ढंगले काम गरेनौं भने एक खालको प्लानिङ वेमा हामीले काम गरेनौं भने समस्या हुन सक्छ तसर्थ दोस्रो पी लाई पनि हामीले ख्याल गर्नु जरुरी छ ।

तेस्रो पी भनेको मैले एक खालको पर्स्पेरिटिभ्लीको कुरा गरेको हो । यदि हामीले गरेका कामले जनताको सुख, संवृद्धिलाई त्यसले अंगाल्दैन भने वास्तवमा हाम्रो लक्ष्य पूरा नहुन पनि सक्छ । तसर्थ त्यो सुख र संवृद्धिको लक्ष्यलाई यसले आत्मसात गर्नुपर्छ र चौथो पी भनेको विशेष गरेर हामीले के भने यो हाम्रो सुख, शान्ति र संवृद्धि त हामीले चाहन्छौं तर त्यो एक खालको शान्ति भएन भने पीस भएन भने हामीले त्यो जतिसुकै सुख र शान्ति भए पनि वास्तवमा त्यो राम्रो हुन सक्दैन । तसर्थ त्यसलाई पनि हामीले आत्मसात गर्न जरुरी छ ।

अन्तिम पाँचौं पीमा मैले के भन्न खोजेको हो भने, हामीले सबै काम गर्नका लागि हामीसँग राम्रो पार्टनरहरूको आवश्यकता हुन्छ । कतिपय त्यो थोरै लगानी गर्ने धेरै फाइदा लिने लगत नियत भएका पार्टनरहरू भए भने हाम्रो लक्ष्य पूरा नहुन सक्छ । तसर्थ राम्रा र असल पार्टनरहरू पनि हामीलाई चाहिन्छ तसर्थ यो पाँच वटा पीलाई हामीले आत्मसात गरेर काम गर्न उपयुक्त हुन्छ र त्यो भयो भने स्वाभाविक हामीले चाहेको यो प्रदेश विकास समितिको सम्बन्धमा बनेको विधेयकलाई हामी सफलतापूर्वक अगाडि बढाउन सक्छौं भन्ने मलाई लाग्छ । यति विचार मैले यो सम्मानित सभामा राख्दै आफ्ना भनाइहरू टुङ्ग्याउन चाहन्छु धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई म छलफलमा भाग लिन समय दिन्छु।

**माननीय दोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, आज हामी प्रदेश विकास समिति सम्बन्धित व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गरी विधेयक समितिमा पठाउने छलफलमा हामी जुटेका छम् । मलाई यो विधेयक सर्सती हेर्दा धेरै मेहेनत गरेर, धेरै विद्धान् व्यक्तित्वहरूले यो विधेयक यहाँ प्रस्तुत गर्नु भएको छ । तर यल्लाई जम्मा ९ वटा पानामा यो विधेयक लेखिएको रैछ । यो आवश्यकता, औचित्य भएर हो वा नभएर हो यो पेश गरिहालौं यसको आवश्यकता छैन कि भन्ने हिसाब किताबले आएको हो कि भन्ने मलाई लाग्दछ ।

कुनै पनि विधेयक कुनै पनि काम गर्दा, समिति गठन गर्दा एउटा सानो खानेपानीको कुवा बनाउँदा पनि समिति कतिजनाको बनाउनी, को अध्यक्ष बस्नी, को सचिव बस्नी, कसरी बनाउनी भन्नी उल्लेख भएको अहिलेसम्म मैले जानकारीमा पाएको थिइनँ । तर यसमा

हेरें त्यो कही कतै धेरै बेर फर्काएर हेरें कही कतै पनि देखिनँ हुन त त्यो मेरो क्षमताले भ्याउन सकेन कि अथवा मैले फेला पार्न सकिन कि के हो? त्यसकारणले यो समितिको समिति कति सदस्यीय बन्नी हो ? त्यो पनि कुनै उल्लेख छैन ।

त्यसको पदाधिकारी के को हुनी हो ? त्यो पनि केही देखिँदैन । यसको उमेर, योग्यता, के-के हो त्यो पनि कुनै देखिँदैन । यसको तलब भत्ता के-के हो त्यो पनि कुनै उल्लेख देखिँदैन । कुन-कुन क्षेत्र, लिंग र वर्गको यो हुनी हो त्यो पनि केही देखिँदैन । प्रदेश सभाले काम गर्न नसकेको भएर हो या विकास समिति गठन गर्न खोजिएको हो कि, फेरि अर्को कार्यकर्ता भर्ती गर्ने केन्द्र हो कि ? भन्नी पनि यहाँ लाग्छ।

आर्थिक भार नपर्ने भनिएको छ, खालको समिति बन्छ भनिएको छ । जुन उद्देश्यले लेखिएको छ ती कार्यकर्ताका लागि मात्रै हो कि ? भन्नी मलाई लाग्छ । जबसम्म यसको छाप छुट्टै छ । यसको आर्थिक कोष छुट्टै हुनी छ । यसको लेखा परीक्षण हुनी छ । तिनवटा सरकारमा यसको कोष जम्मा गर्नु पर्ने छ भनिएको छ । के यसमा यो कोष जम्मा भइसकेपछि त आर्थिक भारै नपर्ने खालको समिति विकासका लागि कस्तो खालको समिति उत्पादन हुनी होला ?

यो मैले केही पनि बुझ्न सकिन त्यसकारणले गर्दाखेरी म यसको औचित्य भएर हो कि नभएर हो त्यो कुरा पनि बुझ्न सकिएको छैन । र यो समितिको गठन गर्नी, हुनी समितिको काम, कर्तव्य र अधिकार को हो ? त्यो पनि उल्लेख भएको छैन । र गठनमा काम, कर्तव्य, अधिकार सरकारले तोके बमोजिम हुने भनिएको छ । यो गठनका लागि मात्रै पनि हुन्थ्यो कि? त्यसकारणले यो कसरी आयो अलि क्लियर भइदिए राम्रो हुन्थ्यो । यो अहिलेसम्म आएका विधेयकहरू, अहिलेसम्म जुन समितिहरू गठन हुन्छन्, काम हुन्छन्, सारा कुरा ।

यसमा हुन त थुप्रै कुराहरू पूर्व माननीयज्यूले धेरै राम्रो छ पनि भन्नुभयो । राम्रो पनि होला । हामीले प्रदेशको विकास पनि गर्नुपर्ने छ । त्यसमा कुनै दुई मत छैन । तर विकास गर्न एउटा मापदण्ड आधार हुन्छ होला तर यसमा कुनै मापदण्ड आधार देखिँदैन । यसको कोष खडा गरिने छ, छाप छुट्टै गरिने छ ।

यसको अडिट गर्नुपर्ने महालेखा परीक्षकले गरिन्छ भनिएको छ भने यसको छुट्टै आर्थिक भार, आर्थिक व्ययभार पर्ने छैन भनिएको छ त्यसकारणले यो विरोधाभाष भयो कि भन्ने मलाई लाग्छ त्यसकारणले यसको औचित्य छ कि छैन ?

मेरो विचारमा किन भन्दा यस्तो खालको विधेयकले कुनै प्रदेशको विकास समितिको औचित्य छ जस्तो लाग्दैन । त्यसको लागि यो खारेजी भए पनि त्यति कुनै अनौठो हुँने छैन जस्तो लाग्छ त्यसकारण मैले यो खारेजी हुनुपर्छ होला होइन भने यसको औचित्य र पुष्टि भएर आयो भने बल्ल यसले सार्थकता पाउला भन्ने लाग्छ । धन्यवाद जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई म छलफलमा भाग लिन समय दिन्छु।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, प्रदेश विकास कमिटिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको उद्देश्य र कारणमा नै के भनिएको छ भने, नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तहको व्यवस्था भएको र धारा ५७ मा तिनै तह बीच राज्य शक्तिको बाँडफाँड र प्रदेशको अधिकार प्रयोग गर्न यो विधेयक ल्याइएको भनेर जुन उद्देश्य र कारणमा राखिएको छ

र साथसाथै भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्रलाई विकास गर्न भनेर पनि यसमा थप प्रष्टाएको छ ।

मलाई लाग्छ, हाम्रो प्रदेशमा यो विधेयक भए पनि हुने र नभए पनि चल्ने अवस्थामा रहेको हुनाले यो विधेयक अति आवश्यक होइन भन्ने मेरो ठम्याई छ र संरचनामाथि संरचना हामी के का लागि खडा गर्दै छौं ? हामीले संघीयता कार्यान्वयनको सबालमा हरेक खालको संरचनाहरू खडा गर्दै जाँदा त्यसलाई धान्न सक्ने हामीसँग आयश्रोत छैन भनेर हामी बारम्बार प्रदेशको मुखबाट आवाजहरू सुनिरहेको अवस्थामा हाम्रो गण्डकी प्रदेशलाई अति आवश्यक भनेको स्वास्थ्य र शिक्षासम्बन्धी विधेयक जुन आज सम्म गण्डकी प्रदेशले पाउन नसकिरहेको अवस्थामा यो विधेयक समय सान्दर्भिक भएन कि भन्ने मेरो ठ्म्याइ छ ।

प्रदेश विकास समितिको गठन प्रदेश सरकारले उचित ठानेमा र आवश्यक परेमा जुनै समयमा गठन गर्न सक्नेछ भनेको छ यो हामीले अहिले यो संरचना विधेकयमार्फत सुरक्षित गर्ने र आवश्यक कतिबेला हो, कुन बेलामा आवश्यक पर्ने त्यतिबेला प्रदेश सरकारले यो समितिलाई गठन गर्न सक्नेछ भनेको छ यो पनि मलाई लाग्छ कि प्रदेश सरकारले यो संरचनालाई कार्यकर्ता भर्ती केन्द्रका रूपमा खडा गर्न लागेको हो कि भन्ने मैले एक ढंगले विश्लेषण गरें ।

यसमा के भनिएको छ भने, समितिको कर्मचारीहरू करारमा नियुक्ति गर्न सक्नेछ भनिएको छ र आवश्यक नभएको खण्डमा यो सबै समितिहरू विघटन गर्न सक्नेछ भनेर त्यही प्रष्टयाइएको छ । र यो नै विरोधाभाष भएको कारणले यो प्रदेश विकास समिति अहिलेको सन्दर्भमा जुन हाम्रो गण्डकी प्रदेशलाई अति आवश्यक छैन र यसको प्रस्तावना र यो भित्रको यो संरचनाको जुन एउटा अवधारणा छ त्यसलाई नियाल्ने हो भने यो प्रष्टता छैन । एउटा भन्नैपर्दा मलाई के लाग्छ भने, यो अस्थायी खालको संरचनाले हाम्रो प्रदेश

सरकारलाई कस्तो खालको र हाम्रो यो गण्डकी प्रदेशको विकास र संवृद्धिलाई कस्तो खालको डेलिभरी दिने हो स्पष्टताका साथ यसमा आइदियो भने अझ उचित हुन्छ होइन भने यसको औचित्य नभएको यहाँ प्रदेश सभामा मेरो मत राख्न चाहन्छु ।

हामीले कानून बनाउँदै गर्दा हाम्रो कानूनहरू कति प्रयोगमा आयो र कति हाम्रो कानून जनताहरूको सामु कति उपयुक्त छ भन्ने खालको कुराहरूलाई पनि ध्यानमा राखेर हामीले संख्या थपघटको कुराले होइन, हामीले अहिलेसम्ममा लगभग ४५ पुग्न लाग्यो होला । ३८ वटा हाम्रा कानून हामीले पास गरिसक्या छौं । त्यसको कार्यान्वयनका पाटा पक्षहरू कस्तो खालको छ ? त्यहाँबाट फिडव्याक हामीले के लिन सकिरहेका छौं ? यतातिर पनि गण्डकी प्रदेश सरकारले आत्मसमीक्षा गरेर हाम्रो गण्डकी प्रदेशलाई, हाम्रो साझा एजेन्डा भनिएको संवृद्धिको यात्रा हो।

हरेक पाटीको साझा यात्रा नै अहिले हामीले भनिरहेको मूल एजेन्डा भनिएको नेपालमा आर्थिक संवृद्धि र हरेक खालको संवृद्धिका लागि हामी जुनसुकै पार्टी जहाँ रहेर भए पनि हाम्रो उद्देश्य भनेको नेपालमा लगायत हाम्रो गण्डकी प्रदेशमा आर्थिक संवृद्धि हासिल गर्ने हाम्रो मूल लक्ष्य हो ।

त्यहाँतिर हाम्रो संरचनाहरू र हाम्रो सोचाइहरू केन्द्रित हुन सकेन, हामीले व्यवस्था त परिवर्तन गर्‍यौं तर हामीले अवस्था परिवर्तन गर्न सकिरहेको छैनौं । हामीले व्यवहार परिवर्तन गर्नका निमित्त अब हामीले गण्डकी प्रदेश सरकारले र यो गण्डकी प्रदेशमा प्रतिनिधित्व गर्ने हरेक दलले त्यतातिर त्यो आँट प्रदेशलाई संवृद्धितर्फ लैजानका निमित्त एकजुट भएर आट गरौं अवश्य पनि संवृद्धि सम्भव हुन्छ हाम्रै पालामा धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मधु अधिकारी गुरुङलाई म छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मधु अधिकारी गुरुङ**

माननीय सभामुख महोदय, माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले २०७७ असार २३ गते यस गरिमामय सदनमा प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्नुभएको छ । यो विधेयक गण्डकी प्रदेशको दिगो विकासको लक्ष्य पूरा गर्नका निम्ति सहयोगी र परिपुरकको रूपमा महत्वपूर्ण भूमिका खेल्ने छ। साथै सुखी नेपाल र संवृद्ध नेपालीको सोचको कार्यप्राप्तिका लागि पनि यो महत्वपूर्ण रहने छ । तसर्थ म र मेरो दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) यसको पूर्ण समर्थन गर्दछ । र हामीले यसमा सैद्धान्तिक छलफलमा आज जुटिराखेका छौं र असाध्यै मेहेनतका साथ माननीय मन्त्रीज्यूले यो विधेयक प्रस्तुत गर्नुभएको छ । मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय, पृष्ठभूमिमा नै यो प्रष्ट पारिएको छ र बुँदा नं. ३ मा समेत यसले यो समितिको महत्वलाई अझै बढी जोड गरेको छ । नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी  तीन तहको हुने व्यवस्था गरिएको छ भने नेपालको संविधान धारा ५७ मा तिनै तहमा राज्य शक्तिको बाँडफाँड गरिएको छ । सामाजिक न्यायसहितको तीव्र दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न, प्रदेशको अधिकार क्षेत्रभित्र परेका विकास योजना तथा भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्र विकास कार्यलाई समयमा प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि प्रदेश विकास समिति आवश्यक रहेको छ ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा विभिन्न जातजातिको बसोबास रहेको छ । उहाँहरूको आ-आफ्नै सामाजिक परम्परा छ । धार्मिक, सांस्कृतिक प्रचलनहरू छ । भौगोलिक हिसाबले मनै लोभ्याउने हिमाल, पहाड, तराई पनि छ तसर्थ पर्यटन, कृषि उर्जा, भौतिक पूर्वाधार, मानव संशाधनलगायतका उचित प्रयोग गर्दै गण्डकी प्रदेशलाई समाजवाद

उन्मुख आर्थिक संवृद्धिको लागि परिकल्पना गरेको छ । गण्डकी प्रदेश सरकारले यो मनोरम छटा मन्दिर, मठ, मन्दिर, रत्न मन्दिर, अकला मन्दिर, हिमानी गृहजस्ता थुपै ऐतिहासिक, धार्मिक र सामाजिक स्थलहरू यहाँ छन् ।

यसलाई प्रदेश सरकारले कानून बनाएर सञ्चालन गर्नु पर्ने आवश्यकता रहेको छ । तसर्थ यस्ता विषयमा खोजी गर्नु, प्रवर्द्धन गर्नु, संवद्र्धन गर्नु, परिचालन गर्नु प्रदेश सरकारको दायित्व भित्र पर्दछ । तसर्थ यसको परिचालन र विकास गर्नका निम्ति सामाजिक न्यायसहितको तीव्र र दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न प्रदेश विकास योजना तथा भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्र विकास कार्यलाई छिटो, छरितो र व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने भएका कारण प्रदेश विकास समिति आवश्यकता रहेको महसुस गरेको छु । संघले कतिपय यस्तो क्षेत्राधिकार भित्र पर्दछ।

संघले व्यवस्था क्षेत्र विकास समिति, पशुपति क्षेत्र विकास समिति लगायत थुपै समितिहरू गरेर आफ्नो थुप्रै अधिकारहरू आफ्नो स्वामित्वमा लिएको छ ।
गण्डकी प्रदेशले पनि यहाँ रहेका थुप्रै थुप्रै सम्भावनाहरूलाई खोजी गर्दै आफ्नो क्षेत्राधिकारभित्र लिएर यसको संवृद्धि, आर्थिक रूपमा पनि संवृद्धि गर्ने छ भन्ने महसुस गरेको छु ।

माननीय सभामुख महोदय, प्रदेश भित्रका यस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक विकास क्षेत्रको कार्यलाई प्रदेश सरकारले अत्यावश्यक ठहर गरेमा कुनै विकास योजनाको कामलाई छिटो गरितो र व्यवस्थित रूपमा सञ्चालन गर्न समिति गठन गर्न सक्ने र उक्त समितिको काम, कर्तव्य र अन्य व्यवस्था गरी सञ्चालन गर्न पनि सक्ने छ ।

सक्षम प्रदेश, सुखी प्रदेश, संवृद्ध प्रदेशको लक्ष्यलाई टेवा पुर्याउनका निम्ति यो प्रदेश विकास समिति अत्यावश्यक छ । कर्मचारीको सन्दर्भमा वास्तवमा यो लोकसेवा आयोगको पनि गठन हुनेछ र त्यहाँबाट कर्मचारीहरू रहने छन् । हामीमा जो आशंका, अविश्वासहरू पैदा भइराखेको छ मलाई के विश्वास लाग्छ भने गण्डकी प्रदेश आफैमा सक्षम एउटा प्रदेश हो । तसर्थ यहाँ कार्यकर्ता भर्ति अभियान हुनेछैन वास्तवमा सक्षम, योग्य कर्मचारी र समिति बन्नेछ भन्ने विषय राख्दै यो समिति विधायन समितिमा गएपछि पूर्ण हामी सम्पूर्णले पास गर्ने ठाउँमा पुग्नेछ भन्ने शुभकामनासहित विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनका लागि अनुमति दिन्छु ।

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुखज्यू, प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सन्दर्भमा हामी सैद्धान्तिक छलफलमा जुटिराखेका छौं र यसका सन्दर्भमा उठेका प्रश्नहरूको बारेमा स्पष्ट पार्नका निम्ति रोष्टममा उभिएको छु । यो विधेयकको आवश्यकता कहाँनेर छ भने बारेमै केही प्रश्नहरू उठे ।

यसमा यो सीधा उद्देश्य र कारणमै स्पष्ट छ । हाम्रो देश संघीयतामा गएको छ र त्यो संघीयताको अभ्यास हामी गरिराखेका छौं । जसरी संघ, प्रदेश र स्थानीय तहको रूपमा संघीयताको कार्यान्वयन हामी गरिराखेका छौं । त्यो अनुसार नै अधिकारको बाँडफाँड पनि भएको छ । संघले आफ्नो अधिकार क्षेत्रभित्रको जिम्मेवारी अर्थात् कामको कार्यान्वयन गर्नका निम्ति अर्थात् आफ्नो जिम्मेवारी पूरा गर्नका निम्ति संघले आफ्नो

ऐन बनाउँछ र यसले आफ्नो क्षेत्राधिकारभित्र पर्ने कामको व्वसथापनका निम्ति, त्यस्को व्यवस्थापनका निम्ति प्रदेश सरकारले आफ्नो ऐन बनाउँछ ।

अब विकास समितिको सन्दर्भमा पनि संघ सरकारले पनि विकास समिति ऐन बनाएको छ। अब त्यहाँ त विकास समिति ऐन २०१३ नै छँदै छ त्यसैलाई संशोधन गर्दै त्यसको कार्यान्वयन गरिराखेको छ र गण्डकी प्रदेशले खास गरी धार्मिक र सांस्कृतिक लगायतका भाषासम्बन्धी पनि हामीले राखेका छौं । भाषा, संस्कृति, धर्मलगायतका सामाजिक क्षेत्रहरूमा त्यस्ता क्षेत्रहरूको पहिचान गर्ने र त्यसको विकास गर्ने, त्यसलाई विकास गर्दै यो प्रदेशको आर्थिक संवृद्धिसँग त्यसलाई जोड्ने अर्थात् त्यसको पहिचान गरेर विकास गरेर गण्डकी प्रदेशको आर्थिक संवृद्धि माथि उठाउने अर्थात् आर्थिक संवृद्धि हासिल गर्ने काम यो हाम्रो अधिकार क्षेत्र भित्रको कुरा हो ।

त्यसकारण आफ्नो अधिकार क्षेत्रमा आएको खास गरी भाषा, धर्म संस्कृतिलगायतका सामाजिक क्षेत्रका विकास निर्माणका कामलाई व्यवस्थित गर्न त्यसलाई परिचालन गर्नका निम्ति यो ऐन आवश्यक भयो । र अझ सिधा भन्दा यस्ता विकास समितिहरू गठन गर्नका निमित्त यसलाई हामी अर्को भाषामा गठन आदेश पनि भन्न सक्छौं । र पनि हामीले विकास समिति ऐनकै रूपमा यसलाई ल्याएका छौं र यो सारत यो हामीले यसलाई गठन आदेशका रूपमा प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेर यस्ता विकास समितिहरू गठन गर्नका निम्ति यो गठन आदेशको निम्ति हामीले यो विधेयक ल्याएका छौं र अन्य कुराहरू यहाँ प्रश्नहरू उठे कि यसको कति सदस्य हुनी देखि लिएर गठन कसरी हुने, यसको काम, कर्तव्य र अधिकार के हुने आदि कुराका विषयमा पनि प्रश्न उठे । यस सम्बन्धमा हामीले विधेयकमा स्पष्ट साथ लेखेका छौं कि यो सूचित आदेशका आधारमा अर्थात् गण्डकी प्रदेशको राजपत्रमा यस्ता क्षेत्रहरू जहाँ-जहाँ विकास समितिहरू निर्माण गर्न जरुरी छ। त्यस्ता क्षेत्रहरूको नामसहित त्यहाँको त्यो विकास समिति हामीले

विकास समिति गठन गर्ने छौं र त्यो विकास समिति गठन गर्दा त्यहाँको त्यो प्रकृति अनुसार यी सबै विषयहरू, यसको काम, कर्तव्य र अधिकार अन्य व्यवस्थासमेत त्यसैमा प्रकाशित गरेर हामीले विकास समितिहरूको गठन गर्ने छौं ।

त्यो कामको निम्ति त्यसको प्रकृति पनि प्रकृति अनुसार अब यसमा केही फरकहरू अवश्य नै हुन्छन् त्यसको आवश्यकता अनुसार त्यसलाई परिचालन गर्नका निम्ति जे जस्तो व्यवस्था गर्न आवश्यक हुन्छ त्यही अनुसारको व्यवस्था गरेर राजपत्रमा यो प्रकाशित हुनेछ र राजपत्रमा प्रकाशित भए अनुसार यस्ता विकास समितिहरूको निर्माण हुनेछन्। यो हिसाबले यो विधेयकलाई हामीले ल्याएका छौं । यसको अब आवश्यकताका बारेमा मैले भने पहिलो कुरा त हाम्रो क्षेत्राधिकार संघीयताले दिएको अधिकारको प्रयोग गर्न गण्डकी प्रदेश सरकारले यो ऐन ल्यायो । दोस्रो कुरा त्यो के त भन्दा विकास समिति निर्माण गर्न कुन क्षेत्रको भन्नेबारेमा मैले भाषा, संस्कृति, धर्म लगायत अब धार्मिक क्षेत्रहरू पनि छन् हाम्रा ।

त्यस्ता सामाजिक क्षेत्रहरूको विकास प्रवर्द्धन गर्नका निम्ति र त्यसको अब हाम्रो सन्दर्भमा यसको कति महत्व भन्ने कुरा पनि प्रष्ट छ अब यो हाम्रो गण्डकी प्रदेशलाई हामीले यो पर्यटकीय महत्वको पर्यटकलाई पहिलो प्राथमिकतामा राखेर प्रदेश सरकारले आफ्ना नीति, योजनाहरू, कार्यक्रमहरू अगाडि बढाइराखेको छ र हामी सबै त्यसलाई कार्यान्वयन गर्न लागि परेका छौं । यस सन्दर्भमा अघि चर्चा पनि भयो, हाम्रो गण्डकी प्रदेशमा ऐतिहासिक महत्वका धेरै स्थलहरू छन् ।
धेरै ठाउँहरू छन्, धार्मिक महत्वको पनि त्यसरी नै महत्वपूर्ण ठाउँहरू छन् । प्राकृतिक सुन्दरताको कुरा त मैले यहाँ धेरै चर्चा गर्न आवश्यकै छैन । यसरी विभिन्न पक्षमा धेरै महत्वपूर्ण स्थानहरू हाम्रो गण्डकी प्रदेशमा छन् र तिनलाई विकास समिति यी यस्ता स्थानहरूको विकास गर्नका निम्ति हामीले विकास समिति बनाएर जान जरुरी छ ।

त्यसो गरेर मात्रै हामीले यो पर्यटकीय महत्वको केन्द्रको साच्चै प्रवर्द्धन गर्न सक्ने छौं । मैले यहाँ भन्न चाहेको कुरा, ऐतिहासिक महत्वका ठाउँहरूलाई पर्यटनसँग जोड्न जरुरी छ । धार्मिक महत्वका क्षेत्रहरूलाई पर्यटनसँग जोड्न जरुरी छ । अब प्राकृतिक मनोरम क्षेत्रहरू त त्यसै भए, भाषालगायतका अन्य क्षेत्रहरू पनि यो पर्यटनसँग यी सबैको जगमा पर्यटन उभिएको छ । त्यसकारण यतिबेला हामीलाई विकास समिति गठन गर्न आवश्यक भयो हामीले देख्यौं ।

अघि यहाँ चर्चा पनि भयो, यो देवघाट क्षेत्रको विकास समिति संघ सरकारले गठन गर्यो । त्यसपछि अरू पनि त समिति थिए । हिजो कतिपय समितिहरू संघ सरकारले बनाउने गरेका समितिहरू पनि अहिले नबनाइ राखेको अवस्था छ । हामीले संघ सरकारसँग पनि कुरा गर्यौं । हिजो जुनजुन समितिहरू संघ सरकार, हिजोको सरकार, केन्द्रको सरकारले गठन गर्या थियो ती सबै समितिहरू उसले गठन गरेको छैन । कतिपय समितिमा त यो प्रदेश सरकारले गठन गर्ने हो भनेर छोडेको छ ।

त्यस्ता समितिहरू गठन गर्न र त्यसको परिचालन गर्न हामीलाई यो ऐनको आवश्यकता पर्यो र यसलाई मैले अघि सुरुमा पनि भनें मुख्य यसको सार कुरा यस्ता समितिहरू गठन ठर्नका निम्ति यो विधेयक ल्याइएको हो यसलाई अर्को भाषामा गठन आदेश मात्रै पनि भन्न सकिन्छ । तर पनि यो हामीले यहाँ प्रस्तुत गर्दा प्रदेश विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भनेर लिएर आएका छौं र यसको मूल सार चाही यसको आर्थिक टिप्पणीमा पनि स्पष्टका साथ यो कुरा ईकित गरिएको छ कि यो विकास समिति सम्बन्धि कानूनले गठन आदेश जारी गर्ने मार्ग मत्र प्रस्तुत गरेको हुँदा यस कानूनको कार्यान्वयन गर्दा यसले आर्थिक दायित्व पर्ने देखिँदैन भनेर भन्नाको कारण पनि यही हो यति कुरा राखेर माननीय सदस्यज्यूहरूले उठाउनु भएको विषय सम्बोधन भयो भन्ने लाग्छ । यति भन्दै विदा हुन्छु हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असार २३ गते सभामा प्रस्तुत भई सभामा सामान्य छलफलसमेत भएको प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार २३ गते प्रस्तुत भएको र मिति २०७७ साल असार २४ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफलसमेत भएको प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम (१) ख बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

मानननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

विधेयकमा संशोधन प्रस्ताव पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधनसहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७७ साल असार २६ गते दिनको १ बजेसम्मको लागि स्थागित हुन्छ ।